# योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन

- गांउपालिका वा नगरपालिकाले पारित गरेको ७ दिन भित्र अध्यक्ष वा प्रमूखले प्रमूखलाई खर्चको अख्तियारी दिइसक्नुपर्ने,
- अख्तियारी प्राप्त भएको १५ दिन भित्र निर्धारित ढांचामा कार्यक्रम स्वीकृत गरी सम्बन्धित विभाग/महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचिवलाई लिखित रुपमा योजना कार्यान्वयनको जिम्मा दिनुपर्नेछ।
- योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र सम्बन्धित विभाग/महाशाखा/शाखा र एकाइ प्रमुख र वडा सचिवले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

# क्रमश:

- प्राप्त कार्यतालिका उपर कुनै संशोधन आबश्यक देखिएमा प्रमूख प्रशासकीय अधिकृतले सुझाव दिन सक्नेछ,यसरी सुझाव प्राप्त भएमा सो समेत समाबेश गरी संशोधित कार्ययोजना सम्बन्धित निकायले पुन: पेश गर्नुपर्नेछ।
- सबै विभाग/महाशाखा/शाखा र एकाइ प्रमूख र वडा सचिवबाट प्राप्त कार्ययोजनालाई एकिकृत गरी प्रमूख प्रशासकीय अधिकृतले एकिकृत कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

# कार्यान्वयन विधी

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली,  आर्थिक कार्यविधि ऐन तथा नियमावली र स्थानीय तहहरुले संविधान तथा अन्य प्रचलित कानूनको अधिकार क्षेत्र भित्र रही निर्माण गरेका ऐन नियम अनुसार कार्यान्वयन गर्नु पर्नेछ।
- गाउँपालिका वा नगरपालिकाले आर्थिक वर्ष शुरु भएको एक महिना भित्र आफ्नो वार्षिक खरिद योजना र गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद  कार्यको व्यवस्थापन गर्नुपर्नेछ ।

# योजना कार्यान्वयन

- उद्देश्य हासिल गर्न गरिने कृयाकलापहरुको सम
- कार्ययोजनामा योजना कार्यान्वयनको तरिका उल्लेख गरिन्छ ।
- सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोके प्रकृया बमोजिम गर्नु पर्ने ।



# योजना कार्यान्वयन

- उद्देश्य हासिल गर्न गरिने कृयाकलापहरुको सम
- कार्ययोजनामा योजना कार्यान्वयनको तरिका उल्लेख गरिन्छ ।
- सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोके प्रकृया बमोजिम गर्नु पर्ने ।



# खरिद विधि

(क) मालसामान निर्माण कार्य वा अन्य सेवा खरिद गर्नुपर्दा

- अन्तराष्ट्रिय स्तरमा खुल्ला बोलपत्र आह्वानगरी
- राष्ट्रिय स्तरमा खुल्ला बोलपत्र आह्वानगरी
- सिलबन्दी दरभाउपत्र आह्वानगरी
- सोझै खरिद गरी
- उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई
- अमानतबाट
- एकमुष्ट दर विधिबाट
- क्याटलग सपिङ्ग विधिबाट
- लिमिटेड टेण्डरिङ्ग विधिबाट
- बाइ ब्याक मेथड विधिबाट

# खरिद विधि.....

(ख) परामर्श सेवा खरिद गर्नुपर्दा

- प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी
- सोझै वार्ताबाट

# आयोजना कार्यान्वयन प्रकृया

- योजना कार्यान्वयन कार्ययोजनाको स्वीकृती
- बजेटको एकीन
- स्टिमेट तथा डिजाइन तयारी
- लागत अनुमान स्वीकृति
- खरिद विधिको छनोट
- सम्झौता गर्ने
- कार्ययोजना पेश गर्न लगाउने
- कार्यादेश दिने



# आयोजना कार्यान्वयनको जिम्मेवारी

| पदाधिकारी | जिम्मेवारी |
|---|---|
| अध्यक्ष वा प्रमुख | बजेट खर्च गर्ने अख्तियारी दिने, समन्वय गर्ने, कुनै समस्याको समाधान गर्ने। |
| उपाध्यक्ष वा उपप्रमुख | अनुगमन गर्ने, अनुगमन प्रतिवेदन कार्यपालिकाको बैठकमा छलफल गर्ने । |
| प्रमुख प्रशासकीय अधिकृत | कार्ययोजना तयार गर्ने, शाखा तथा वडालाई जिम्मेवारी दिने, खरिद विधिको छनोट गर्ने, अनुगमन गर्ने, भुक्तानी दिने। |
| सम्बन्धित शाखा प्रमुख | उपभोक्ता समितिको गठन गराउने, अभिलेख राख्ने, अनुगमन समितिको सदस्य सचिव भई कार्य गर्ने, भुक्तानीको लागि सिफारिस गर्ने। |

# आयोजना कार्यान्वयनको जिम्मेवारी

| पदाधिकारी | जिम्मेवारी |
|---|---|
| प्राविधिक (पूर्वाधार) कर्मचारी | पूर्वाधार सम्बन्धी कार्यको सर्वेक्षण गर्ने, डिजाइन गर्ने, लागत अनुमान तयारी गर्ने, अनुगमन गर्ने, सम्झौता गर्ने पक्षलाई आवश्यक सहयोग र निर्देशन दिने। |
| वडास्तरीय योजनाको हकमा सम्बन्धित वडाध्यक्ष | उपभोक्ता समिति गठन गर्ने, वडास्तरीय योजनाको अनुगमन गर्ने, गापा नपा स्तरीय योजनाको भुक्तानी सिफारिस गर्ने। |
| सम्झौता गर्ने पक्ष | डिजाइन तथा स्टिमेट तयार गर्न सहयोग गर्ने, स्टिमेट अनुसारको काम सम्पन्न गर्ने, सार्वजिनक परीक्षण गर्ने, अनुगमनको समन्वय गर्ने। |
| विषयगत समितिका सदस्यहरु | अनुगमन गर्ने कार्यान्वयनको क्रममा देखिएका समस्या समाधानको लागि समन्वय गर्ने। |

# उपभोक्ता समिति सम्बन्धी व्यवस्था

- स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीयतहले संचालन गर्ने आयोजनाको लागि उपभोक्ता समिति गठन, संचालन र ब्यबस्थापन सम्बन्धी कार्यविधी बनाई  लागु गर्नुपर्नेछ।
- आयोजना, परियोजना वा कर्यक्रमको निर्माण, संचालन र मर्मत संभारका लागि गठन भएको उपभोक्ता समितिले यो कार्यविधी पूर्णत: पालन गर्नुपर्नेछ।
- उपभोक्ता समितिमा सम्बन्धित आयोजना क्षेत्रको १८ बर्ष पूरा भएको, कुनै फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको, सरकारी बांकी वक्यौता वा पेश्की फर्श्यौट गर्न बांकी नरहेको र आयोजना क्षेत्रको स्थायी बासिन्दा हुनुपर्ने छ।
- जनप्रतिनिधी, राजनैतिक दलका पदाधिकारी, बहालवाला कर्मचारी र शीक्षक उपभोक्ता समितिमा बस्न पाइने छैन।

# उपभोक्ता समिति गठन र संचालनको व्यबस्था (कार्यविधीमा व्यवस्था हुनुपर्ने)

- आयोजनाबाट प्रत्यक्ष लाभपुग्ने उपभोक्ताहरुको आमभेलाबाट आयोजना स्थलमैं ७ देखि ११ जनासम्मको उपभोक्ता समिति गठन हुने।
- समिति गठनको लागि आमभेला हुने मिति, समय, स्थान र बिषय कम्तिमा ७ दिन अघि सार्वजनिक रुपमा जानकारी गराउनुपर्ने।
- गाउंपालिका वा नगरपालिकास्तरीय आयोजना वा कार्यक्रम संचालनका लागि उपभित्ता समिति गठन गर्दा गाउंपालिका वा नगरपालिकाले तोकेको कार्यपालिकाको सदस्य वा कार्यालयको प्रतिनिधीको रोहवरमा गर्नुपर्ने।
- वडास्तरीय आयोजना वा कार्यक्रमको हकमा वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधीको रोहवरमा गर्नुपर्ने।

- उपभोक्ता भेलामा योजनाको संक्षिप्त जानकारी र समितिको संरचनाको जानकारी कार्यालयका प्रतिनिधीले गराउनुपर्ने,
- उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला को प्रतिनिधित्व हुनुपर्ने साथै अध्यक्ष, सचिब र कोषाध्यक्ष मध्ये एकजना महिला हुनुपर्ने।
- एकब्यक्ति एउटा भन्दा बढी उपभोक्ता समितिको सदस्य बन्नसक्ने छैन साथै सगोलको परिवारबाट पनि एक भन्दा बढी ब्यक्ति सदस्य बन्न सक्ने छैन।
- समितिको गठन सकेसम्म सर्वसम्मत गराइनेछ र सर्बसम्मत हुन नसके मात्र बहुमतबाट हुनेछ।
- उपभोक्ताको लागत सहभागितामा संचालन हुने आयोजनाहरुको संचालन उपभोक्ता समितिबाटै गर्न प्रोत्साहन गरिनेछ।
- उपभोक्ता समितिबाट गर्नुपर्ने काम निर्माण ब्यबसायी वा अन्य कुनै ब्यक्ति वा संस्थाबाट गरिने छैन।
- कार्यालयले उपभोक्ता समितिको अभिलेख राख्नेछ।

# उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार

- सम्झौता बमोजिम कार्यसम्पादन गर्ने,
- कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी उपभोक्तलाई गराउने,
- सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आबश्यक निर्देशन प्राप्त गर्नुपर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने,
- कार्यसम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्यविभाजन र जिम्वेवारी बाँडफाँड गराउने,
- उपभोक्ता समितिका सदस्यहरुको क्षमता विकास गर्ने,
- सम्झौता बमोजिम कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने भए कार्यालयलाई अनुरोध गर्ने,
- आयोजना वा कार्यक्रमको दीगो व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने।

# आयोजना वा कार्यक्रमको कार्यान्वयन तथा ब्यबस्थापन

- लागत अनुमान स्वीकृत गरी आ.व. शुरु भएको १५ दिन भित्र उपभोक्ताबाट संचालन हुने आयोजनाहरुको छनौट गरी कार्यान्वयन योजना बनाउनु पर्नेछ।
- आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालय वीच निर्धारित ढांचामा सम्झौता गर्नुपर्नेछ।
- आयोजना वा कार्यक्रमको प्रकृती हेरी कार्यालयले लागत सहभागिताको ढाँचा (नगद, श्रमदान वा बस्तुगत) तोक्नु पर्नेछ।

# अनुगमन तथा मूल्याङ्कन

लगानी

बजेट, जनशक्ति

नतिजा

सिंचाइ कुलो २ किमि

उपलब्धि

सिंचाइ सुविधा

प्रभाव

तरकारी खेतीका कारण गरिबी न्यूनीकरण

अनुगमन

मूल्याङ्कन

# अनुगमन

- काम भइरहेको समयमा गुणस्तर कायम गर्न गरिने जाँच वा निरीक्षण अनुगमन हो।
- अनुगमन व्यवस्थापकीय कार्य हो। अनुगमन कार्यान्वयन गर्ने वा गराउने निकाय वा पदाधिकारीबाट गरिन्छ।
- गर्नु पर्ने कामको सुनिश्चितताको लागि अनुगमन गरिन्छ।
- आयोजनाको उद्देश्य बमोजिम काम भइरहेको छ भनी व्यवस्थापनलाई सुनिश्चित बनाउन अनुगमन गरिन्छ।

# मूल्याङ्कन

- कुनै काम वा योजनाले राखेको उद्देश्य पूरा भए नभएको एकीन गर्न गरिने जाँच वा परीक्षा मूल्याङ्कन हो ।
- लाभग्राहीलाई योजनाको प्रभाव (माथिल्लो स्तरको उद्देश्य) कस्तो रह्यो भनी गरिने अनुसन्धानमूलक कार्य नै मूल्याङ्कन हो ।
- कुनै आयोजना शुरु हुनु भन्दा अगाडि र योजना सम्पन्न भइसकेपछिको अवस्था बीचको तुलना गर्ने काम हो ।
- मूल्याङ्कन खासगरी तेस्रो पक्षबाट गरिन्छ ।

# नतिजा सूचकमा आधारित अनुगमन तथा मूल्यांकन

- यो परिवर्तनको सूचकमा आधारित M&E प्रक्रिया हो।
- यसमा प्रभाव (Impact) सूचक, उपलब्धी (Outcome) सूचक र प्रतिफल (Output) सूचक गरी ३ तहका सूचकका आधारमा क्रमश: लक्ष्य, उद्देश्य र तत्कालको प्रतिफल मापन गरिन्छ।
- सूचकहरु स्पष्ट, सर्बस्वीकार्य, विश्वसनीय, मापनयोग्य र समयवद्ध हुनुपर्छ।
- Output परिणात्मक (Quantitative)प्रकृतिका सूचकमा आधारित हुन्छ भनें, Outcome र Impact तहका सूचकहरु गुणात्मक(Qualitative) प्रकृतिका हुन्छन।


अनुगमन
पानी पुगेन नि !
मूल्याङ्कन
किन यति सानो भयो ?

# अनुगमन कस्तो आयोजनाको गर्ने ?

- गा.पा. वा न.पा.बाट स्वीकृत कार्यक्रम वा आयोजनाहरुक
 ।
- गा.पा. वा न.पा.बाट लगानी भएको आयोजनाहरुको ।
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरुको ।
- गा.पा. वा न.पा.को क्षेत्रभित्र गैरसरकारी सस्था मार्फत सञ्चालित आयोजनाहरुको ।



# अनुगमनको उद्देश्य

- कार्यतालिका अनसार काम भए नभएको एकीन गर्नु ।
- तोकिएको कामको समय लागत र गुणस्तर कायम गर्नु ।
- कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गर्नु ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्नु ।
- आवको अन्तिममा हुने विकास कार्यलाई सुधार गरी समयमै सम्पन्न गराउनु ।

# अनुगमनका प्रकार

- निरन्तर अनुगमन
- दिगोपनाको अनुगमन



shutterstock
www.shutterstock.com · 328029728

# अनुगमनका तरिकाहरु

- नियमित प्रतिवेदन लिएर
- स्थलगत अवलोकन गरेर
- सरोकारवालाहरुसँग छलफल गरेर
- नागरिक समाजका सँस्थाहरु परिचालन गरेर(मिडिया आदि)
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता विधिहरु मार्फत





# अनुगमन गर्ने जिम्मेवारी

- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी।
- उपाध्यक्ष वा उपप्रमुख (स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरु
- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य)
- वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरु



# अनुगमन तथा सुपरिवेक्षण समितिको गठन

गाउँपालिका वा नगरपालिकाबाट सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नु पर्नेछ।

- उपाध्यक्ष वा उपप्रमुख — संयोजक

  अध्यक्ष वा प्रमुखले तोकेका एकजना

  महिलासहित कार्यपालिकाका सदस्यहरु मध्येबाट — सदस्य

  दुई जना सदस्य

- प्रमुख प्रशासकीय अधिकृत — सदस्य

- प्रमुख, योजना विभाग/महाशाखा/शाखा र एकाई — सदस्य– सचिव

- समितिले कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्नसक्ने

# अनुगमन तथा सुपरिवेक्षण विधी

- कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिले वार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ।

- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नु पर्नेछ ।

- समितिको प्रतिवेदन समेतको आधारमा कार्यपालिकाले योजना कार्यान्वयनमा देखिएका त्रुटीहरु सच्याउन तथा समय र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता, तथा कर्मचारी) लाई आवश्यक निर्देशन दिनु पर्नेछ। अनुगमन तथा सुपरिवेक्षण समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित पक्षको जिम्मेवारी हुनेछ।

# वडास्तरीय अनुगमन समिति

- आफ्नो वडाभित्र सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको वडास्तरीय अनुगमन समिति गठन गर्नु पर्नेछ ।

- (क) सम्वन्धित वडाको वडाध्यक्ष संयोजक
- (ख) वडा सदस्यहरु सदस्य (ग) वडा सचिव सदस्य– सचिव

समितिमा आवश्यकता अनुसार अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ । समितिले अनुगमन गर्दा देखिएका विषयका सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षण समितिलाई नियमित रुपमा जानकारी गराउनु पर्नेछ ।

# उपभोक्ताबाट संचालित आयोजनाहरुको अनुगमन

- अनुगमन समितिको व्यवस्थाः
- (क) आयोजना, परियोजना र कार्यक्रम तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजना, परियोजना तथा कार्यक्रमको गुणस्तर, परिमाण सुनिश्चित गर्न उपभोक्ता भेलाबाट कम्तिमा एक जना महिला सहित ३ देखि ५ सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्नेछ ।
- (ख)यसरी गठित अनुगमन समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः
- (१) आयोजनाको कार्यान्वनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,
- (२) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,
- (३) उपभोक्ता समितिले संचालन गर्ने आयोजाना, परियोजना, कार्यक्रमहरुसंग सम्वन्धित अन्य कार्य गर्ने ।

# आयोजना मूल्यांकन

- गाउँपालिकाले ५ करोड, नगरपालिकाले १० करोड र उपमहानगरपालिका र महानगरपालिकाले २५ करोड भन्दा वढी लागतका आयोजनाको योजना सम्पन्न भएको २ बर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्यांकन गराउनु पर्ने छ ।

# धन्यवाद !